# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
कोशी प्रदेश नेपाल

प.स. ०८२/०८३
च.न. ५३८०

**स्थानीय पाठ्यपुस्तक छपाईका लागि दरभाउ पेश गर्ने सम्बन्धी सार्वजनिक सुचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।१२।२५**

प्रस्तुत विषयमा मेचीनगर नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम बमोजिम स्थानीय पाठ्यपुस्तक छपाईका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम इजाजतपत्र प्राप्त, आ.व. २०८२/८३ मा यस कार्यालयमा सूचीकृत भएका इच्छुक, योग्य तथा दर्तावाला आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट **यो सूचना जारी भएको मितिले सातौं (७) दिनको १२:०० बजे** भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

**१. दरभाउ पत्र सम्बन्धी विवरणः**
- खरिद शीर्षकः स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक छपाई
- दरभाउ पत्र दस्तुरः रु.१०००।-

**२. दरभाउ पत्र खरिद तथा पेश गर्ने प्रक्रियाः**
- दरभाउ पत्र बिक्री स्थानः मेचीनगर नगरपालिकाको कार्यालय, भण्डार उपशाखा
- दरभाउ पत्र बिक्री अन्तिम मितिः २०८२।१२।३० दिनको १२:०० बजे सम्म
- दरभाउ पत्र पेश गर्ने अन्तिम मितिः २०८२।१२।३० दिउँसो १ बजे सम्म
- दरभाउ पत्र खोल्ने मिति र समयः २०८२।१२।३० दिउँसो ३ बजे, कार्यालय परिसरमा

**३. दरभाउ पत्रदाताले पेश गर्नुपर्ने कागजातहरूः**
- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर (PAN)/VAT दर्ता प्रमाणपत्र **(VAT मा दर्ता भएको अनिवार्य)** को प्रतिलिपी
- आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- आ.व. २०८२/८३ मा मेचीनगर नगरपालिकामा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपी
- दरभाउ पत्र पेश गर्दा मेचीनगर नगरपालिकावाट किनेको दरभाउ पत्र दस्तुरको भौचर समेत पेश गर्नु पर्नेछ ।

**४. अन्य शर्तहरूः**
- रीत नपुगेका, ढिलो प्राप्त वा अधूरा दरभाउ पत्रहरू स्वतः अस्वीकृत गरिनेछ।
- कबोल अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।
- छपाई गरिने पाठ्यपुस्तकहरुको डिजाइन तथा सम्पादन सम्बन्धी कार्य कार्यालयसँगको समन्वयमा सम्बन्धित फर्मले नै गर्नुपर्नेछ । उक्त कार्यको लागि अतिरिक्त रकम भुक्तानी गरिने छैन ।
- नगरपालिकालाई कुनै पनि वा सम्पूर्ण दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सुरक्षित रहनेछ ।
- दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपश्चात कार्यालय खुलेको दिनसम्म आवेदन दिन सकिनेछ ।
- पेश भएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिका दिन दिउँसो ३:०० बजे मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरमा खोलिनेछ ।

.................
अनन्त प्रकाश वस्ती
खरिद इकाई प्रमुख

Scanned with CamScanner